यो आकाशवाणी हो ।                    21-6-26sunday

मुख्य समाचार।

- राष्ट्रपतिले जबलपुर-स्थित रानी दुर्गावती विश्वविद्यालयको छत्तिसौँ दीक्षान्त समारोहमा सहभागी भई उत्कृष्ट विद्यार्थीहरूलाई  प्रदान गर्नुभयो स्वर्ण पदक
- प्रधानमन्त्रीले आज उपराष्ट्रपति सी. पी. राधाकृष्णनको योगसम्बन्धी लेख साझा गर्नुभएको छ।
- नीट–यू.जी दुई हजार छब्बीसको पुनःपरीक्षा कडा सुरक्षा व्यवस्थाका बीच भएको छ सम्पन्न ,अनि
- भारतले आगामी पच्चीस र छब्बिस जुनमा हरियाणामा ब्रिक्सको एघारौँ ऊर्जा मन्त्री-स्तरीय बैठकको गर्ने भएको छ अध्यक्षता ।

----------

## 1. राष्ट्रपति – जबलपुर दीक्षान्त समारोह

राष्ट्रपति द्रौपदी मुर्मुले आज जबलपुर-स्थित रानी दुर्गावती विश्वविद्यालयको छत्तिसौँ दीक्षान्त समारोहमा सहभागी भई उत्कृष्ट विद्यार्थीहरूलाई स्वर्ण पदक प्रदान गर्नुभयो। यस अवसरमा उहाँले रानी दुर्गावती साहस र वीरताको प्रतीक रहेको उल्लेख गर्दै ,उहाँको प्रेरणाले आगामी पुस्तालाई निरन्तर मार्गदर्शन गर्ने विश्वास व्यक्त गर्नुभयो। राष्ट्रपति मुर्मुले आदिवासी समुदाय, वन्चित वर्ग तथा बालिकाहरूको सशक्तीकरणका लागि शिक्षाको महत्त्वमाथि जोड दिनुभयो। उहाँले विकसित भारत–दुई हजार सैतालीसको लक्ष्य समाजका सबै वर्गसम्म विकासको लाभ पुगेपछि मात्र पूरा हुने बताउनुभयो। राष्ट्रपति आज मध्य प्रदेशको जबलपुरमा आयोजित अन्तर्राष्ट्रिय योग दिवस कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी हुनुभयो। सदर क्षेत्रस्थित

Garrison Ground -मा आयोजित उक्त कार्यक्रममा उहाँले योगको महत्वबारे प्रकाश पार्नुभयो।

## 2. योग

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उपराष्ट्रपति सी. पी. राधाकृष्णनको योगसम्बन्धी लेख साझा गर्नुभएको छ, जसमा मानव कल्याणमा योगको गहिरो प्रभावबारे प्रकाश पारिएको छ। आफ्नो लेखमा उपराष्ट्रपतिले योग भारतको प्राचीन परम्परा भएको उल्लेख गर्दै यसले शरीर, मन र आत्माबीच सामञ्जस्य कायम गर्ने बताउनुभएको छ। अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा आज नयाँ दिल्लीमा विभिन्न केन्द्रीय मन्त्रालय तथा विभागहरूले विशेष कार्यक्रम आयोजना गरेका छन्। सञ्चार मन्त्रालय-अन्तर्गतको दूर-सञ्चार विभागले सञ्चार भवनमा योग सत्र आयोजना गरेको थियो।

## 3. उपराष्ट्रपति लद्दाख

उपराष्ट्रपति सी.पी. राधाकृष्णन आज लद्दाखको लेहमा आयोजित अन्तर्राष्ट्रिय योग दिवस समारोहमा सहभागी हुनुभयो। यस अवसरमा उहाँले स्वस्थ, सुखी र शान्तिपूर्ण समाज निर्माणका लागि योगलाई दैनिक जीवनको अभिन्न अङ्ग बनाउन सबै नागरिकलाई आह्वान गर्नुभयो। उपराष्ट्रपतिले योग केवल शारीरिक व्यायाम मात्र नभई मानवताका लागि भारतले दिएको प्राचीन उपहार भएको बताउनुभयो। उहाँले वर्षौंको ध्यान, तपस्या र आध्यात्मिक खोजमार्फत भारतका ऋषिहरूले शरीरलाई स्वस्थ, मनलाई शान्त र आत्मालाई उन्नत बनाउने समग्र योग प्रणालीको विकास गरेको उल्लेख गर्नुभयो। यस वर्षको विषय 'स्वस्थ वृद्धावस्थाका लागि योग' को चर्चा गर्दै श्री राधाकृष्णनले स्वास्थ्य सेवामा भएको प्रगति र बढ्दो औसत आयुले समाजका लागि नयाँ जिम्मेवारीहरू सिर्जना गरेको बताउनुभयो।।

## 3. संशो प्रधानमन्त्री - नौसेना प्लेटफर्म

प्रधानमन्त्री नरेन्द्र मोदीले आज कोलकातामा स्वदेशमै निर्मित भारतीय नौसेनाका तीन युद्धपोत—आई.एन.एस दुनागिरी, **आई.एन.एस** संशोधक र **आई.एन.एस** अग्रय—राष्ट्रलाई समर्पण गर्नुभएको छ। यस अवसरमा उहाँले भारत जहाज निर्माण क्षेत्रमा नयाँ सोच र नवीन दृष्टिकोणका साथ अघि बढिरहेको बताउनुभयो। प्रधानमन्त्री मोदीले हालका वर्षहरूमा केन्द्र सरकारले विभिन्न नीतिगत सुधार लागू गरेको तथा स्वदेशी निर्माण क्षमता बढाउन विशेष कदम चालेको उल्लेख गर्नुभयो। उहाँले जहाजको मर्मत, सञ्चालन र व्यवस्थापनलाई एउटा ठूलो राष्ट्रिय अभियानका रूपमा अघि बढाइएको पनि बताउनुभयो। उहाँले यी युद्धपोत भारतीय नौसेनामा समावेश हुनु भारतको उज्ज्वल भविष्यको सङ्केत भएको उल्लेख गर्दै समुद्री क्षेत्र विकसित भारत निर्माणका लागि रोजगारीको महत्वपूर्ण आधार बन्न सक्ने धारणा व्यक्त गर्नुभयो। आगामी वर्षहरूमा लाखौँ नयाँ रोजगारी सिर्जना हुने सम्भावना रहेको उहाँको भनाइ थियो साथै, रक्षा उत्पादनसँगै रक्षा निर्यातमा पनि अभूतपूर्व वृद्धि भएको प्रधानमन्त्रीले बताउनुभयो।

## 4. एकहत्तर. नीट – परीक्षा

**नीट–यू.जी** दुई हजार छब्बीसको पुनःपरीक्षा आज कडा सुरक्षा व्यवस्थाका बीच सम्पन्न भएको छ। परीक्षा देशका पाँच सय एकाउन्न तथा विदेशका चौध सहर-मा सञ्चालन गरिएको थियो। यसमा **बाइस लाख उनासी हजारभन्दा** बढी परीक्षार्थी सहभागी भएका छन्। परीक्षाका लागि बहुस्तरीय सुरक्षा व्यवस्था अपनाइएको थियो। परीक्षा दिउँसो दुई बजेदेखि साँझ पाँच बजेर पन्ध्र मिनेटसम्म सञ्चालन भएको थियो। परीक्षा अङ्ग्रेजीसहित बाह्र भारतीय भाषामा सम्पन्न भएको हो। राष्ट्रिय परीक्षा एजेन्सी-ले भ्रामक सूचना र कुनै पनि प्रकारको अनियमितता रोक्न सामाजिक सञ्जाल मञ्चहरूमा पनि निरन्तर निगरानी राखेको जनाएको छ।

## 5. ब्रिक्स – ऊर्जा मन्त्रीहरूको बैठक

भारतले आगामी पच्चीस र छब्बिस जुनमा हरियाणामा ब्रिक्सको एघारौँ ऊर्जा मन्त्रीस्तरीय बैठकको अध्यक्षता गर्ने भएको छ। बैठकमा ब्रिक्सका सबै एघार सदस्य ,राष्ट्रका ऊर्जा मन्त्री तथा वरिष्ठ अधिकारीहरूको सहभागिता रहनेछ। बैठकमा ऊर्जा सुरक्षा तथा दिगो विकास, ऊर्जामा समान पहुँच र प्रविधि तथा नवप्रवर्तन लगायत तीन प्रमुख विषयमा विस्तृत छलफल गरिनेछ। यो बैठकले विकासशील राष्ट्रहरूको प्राथमिकतालाई अघि बढाउन तथा समावेशी विश्वव्यापी ऊर्जा भविष्य निर्माणमा योगदान पुऱ्याउने दिशामा भारतका लागि महत्त्वपूर्ण अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ।

## 6. सीसीपीएद्वारा दुई कम्पनीलाई जरिवाना

केन्द्रीय उपभोक्ता संरक्षण प्राधिकरण (सी.सी.पी.ए) ले खाद्य उत्पादनसम्बन्धी विज्ञापनमा 'एक सय प्रतिशत' भन्ने शब्द प्रयोग गरी भ्रामक प्रचार तथा अनुचित व्यापार अभ्यास गरेको ठहर गर्दै Storia Foods and Beverages Private Limited र Bector Food Specialities Limited दुबै कम्पनिलाई एक-एक लाख रुपियाँ जरिवाना गरेको छ। प्राधिकरणले दुवै कम्पनीलाई आफ्ना उत्पादनको प्याकेजिङ, वेबसाइट तथा सबै डिजिटल प्लेटफर्मबाट यस्ता दाबी तत्काल हटाउन निर्देशन दिएको छ। सी.सी.पी.ए-ले 'एक सय प्रतिशत' भन्ने शब्द सटीक र पूर्ण संख्यात्मक अभिव्यक्ति भएकाले यसलाई लापरवाही-पूर्वक, अनुमानका आधारमा वा केवल बजार प्रवर्द्धनको नाराका रूपमा प्रयोग गर्न नमिल्ने स्पष्ट पारेको छ।

## 7.मौसम

मौसम विभागले आज पश्चिम बंगालको तराई क्षेत्र र सिक्किममा मुसलधारे वर्षाको सम्भावना रहेको जनाएको छ। विभागका अनुसार असम र मेघालयका केही स्थानमा पनि भारी वर्षा हुने सम्भावना छ। अरुणाचल प्रदेश, बिहार, तटीय कर्नाटक, केरल, लक्षद्वीप, नागाल्यान्ड, मणिपुर,

मिजोरम, त्रिपुरा, ओडिशा, तमिलनाडु, पुदुचेरी र कराइक्कालमा पनि मुसलधारे वर्षाको सम्भावना रहेको छ।

...............................................................................................